"राजविराज शहर, समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### राजविराज, सप्तरी

### प्रदेश नं.२. नेपाल

**प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः–२०७७/०५/०८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/७८ च.न./PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस राजविराज नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः–
   (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   (ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः–
   - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

   (ग) उमेरः– कम्तीमा १८ बर्ष भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः– राजविराज नगरकार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः–२०७७/०५/२२ गते

४. आवेदनको दस्तुरः–रु. ५००।– (राष्ट्रिय वाणिज्य बैंक राजविराज शाखामा राजविराज नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व खाता नं. २१८००३०१०१०००६)

५. छनौटको किसिमः–प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः–आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाण पत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो
   - आवेदन दस्तुर तिरेको सक्कल बैंक भौचर

७. सेवा सुविधाः–गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः– गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र यस नगरपालिकाको वेबसाईट www.rajbirajmun.gov.np मा उपलब्ध छ । थप जानकारी जानकारीको लागि रोजगार संयोजकको मो. न. ९८५२८२०१८४ र सूचना प्रविधि अधिकृतको मो. नं. ९८१३३३८९५९ मा सम्पर्क गर्न सकिन्छ ।

..............................

मदन कुमार थापा
प्रमुख प्र. अधिकृत

२०७७/५/८